०८१-५४०००९
०८१-५४०३१८

# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कोहलपुर, बाँके
## लुम्बिनी प्रदेश, नेपाल

प.सं.:- २०७७/०७८
च.नं.:- १३६५

**कवाडी कर ठेक्का सम्बन्धी सूचना !!!**
**सूचना प्रकाशन मिति: २०७७।०९।२७**

यस कोहलपुर नगरपालिका क्षेत्र भित्र संकलन हुने कवाडी माल सामानमा लाग्ने कवाडी कर संकलन सम्बन्धि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यस नगरपालिकाले तोकेको शर्तहरुको अधिनमा रही इच्छुक व्यबसायी फर्म कम्पनी तथा शूल्क संकलन गर्नका लागि यस नगरपालिकाबाट जारी गरेको बोलपत्र फारम प्रति गोटा रु.१०००।(अक्षेरेपी एक हजार मात्रमा (फिर्ता नहुने गरी) खरिद गरी तोकिएको म्याद भित्र शिलबन्दी गरी बोलपत्र पेश गर्नुहुन यो १५ दिने सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्काको किसिम | कर तथा दस्तुर संकलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | कवाडी मालसामान लाग्ने कर | रत्न राजमार्ग र महेन्द्र राजमार्ग समेत न.पा.को क्षेत्र | १०,०००००।- | १,०००। |

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाता फर्म/कम्पनीहरुले मु.अ.कर दर्ता प्रमाणपत्र,आ.ब.०७७/०७८ सम्मको फर्म नविकरण,आ.ब.२०७६/०७७ को करचुक्ता गरेको प्रमाणपत्र तथा व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्र पेश गरी सूचना प्रकाशित भएको मितिले **१५ औं** दिन कार्यालय समय भित्र यसै कार्यालयबाट खरिद गरी **१६ औं दिनको १२.००** बजे सम्म शिलबन्दी बोलपत्र दर्ता गरी सक्नुपर्नेछ । तोकिएको समय भित्र दर्ता भएका बोलपत्रहरु सोहि दिनको १.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र यस न.पा.का प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिन लाई क्रमश:अन्तिम दिन मानिने छ ।
२. बोलपत्र फारम साथ कबोल अंकको **५%** हुन आउने रकम धरौटी बापत यस कार्यलयको कृषि विकास बैंकमा रहेको धरौटी खाता नं **०७२०५०१०००२३५२१७** मा जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखि १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क,बर्गको बाणिज्य बैंकबाट बैंक ग्यारेन्टी बिड बण्ड पेश गर्नु पर्ने छ
३. प्रर्चलित कानून बमोजिम तिर्नु पर्ने कर तथा शुल्कहरु ठेकेदार स्वयंमले तिर्नुपर्ने छ । स्वीकृत बोलपत्रदाताले कायार्लयमा बुझाउनु पर्ने सम्पूर्ण रकम र कर समेत बुझाई सकेपछी मात्र धरौटी रकम फिर्ता हुने छ । अन्यको हकमा सम्झौता भएपछि धरौटी रकम फिर्ता दिइने छ ।
४. करको दररेट बोलपत्र फाराममा संलग्न गरिए बमोजिम हुने छ । अन्यको हकमा सम्झौता भएपछि धरौटी रकम फिर्ता दिइने छ ।
५. आ.ब.२०७७/०७८ को लागि बिक्रिकर संकलन मिति २०७८ असार मसान्त सम्म हुने छ ।
६. बोलपत्र स्वीकृत भई सम्झौता भए प्रश्चात कुनै किसिमको छुट,मिनाह वा माफि दिईने छैन ।
७. कबोल अंकको रकम तीन किस्तामा बुझाउनु पर्ने छ । रकम बुझाउदा नगद,चेक वा कृषि बिकास बैंक लि.मा रहेको यस नगरपालिकाको संचित कोष खाता **नं.०७२०५०१०००२३५२२५** मा जम्मा गर्नुपर्ने छ । किस्तामा बुझाउने बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क,बर्गको बाणिज्य बैंकबाट मिति २०७८ असार मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्ने छ ।
८. बोलपत्रदाताबाट बोलपत्र फाराम भर्दा अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइने छ । केरमेट भएको ठाउमा सही छाप भएको हुनुपर्ने छ ।
९. यस नगरपालिकाको सक्कल छाप र प्रमुख प्रशासकीय अधिकृतको दस्तखत नभएको बोलपत्र फारामलाई मान्यता दिइने छैन ।
१०. म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कारवाही भई ठेक्का रद्द समेत गर्न सकिने छ ।
१२. ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम हुनेछ ।
१३. यस नगरपालिकाको हितलाई मध्यनजर गरी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेने छ । साथै शर्त सहितको बोलपत्र स्वीकृत हुने छैन ।
१४. बोलपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम मानिनेछ ।
१५. यस सूचनामा उल्लेखित भएका कुरा यसै सूचना अनुसार र उल्लेख नभएको कुराको हकमा प्रचलित ऐन कानून बमोजिम हुने छ ।
१६. ठेक्का सम्बन्धी विस्तुत जानकारी यस नारपालिकाको कार्यालयम । आई बुझ्न सकिनेछ । अथवा नगरपालिको **websit:www.kohalpur mun.gov.np** हेर्न सकिने छ ।
१७. ठेक्का लिई रकम संकलन गर्ने क्रममा कुनै किसिमको दुर्घटना भएमा बोलपत्रदाता स्वयं सो को जवाफदेही हुने छ ।
१८. ठेक्का सम्बन्धी रसिदहरु ठेकेदार आफैले छपाई कार्यालयबाट प्रमाणीत गराई प्रयोग गर्नुपर्ने छ ।
१९. यस सूचनामा उल्लेख नभएका कुराहरु स्थानीय सरकार संचालन **ऐन २०७४** सार्बजनिक खरिद **ऐन २०६३ (संशोधन सहित)** सार्बजनिक खरिद नियमावली **२०६४(संशोधन सहित)** र प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत